
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ९ गते सोमबार ❑ 23 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## प्रधानमन्त्री देउवासँग अमेरिकी उपविदेशमन्त्रीको शिष्टाचार भेट

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

प्रधानमन्त्री शेरबहादुर देउवासँग संयुक्त राज्य अमेरिकाका नागरिक सुरक्षा, लोकतन्त्र र मानवअधिकार उपविदेशमन्त्री उज्रा जिया नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको भेटवार्तामा उहाँहरुबीच नेपाल-अमेरिका सम्बन्ध र आपसी हितका विविध विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।



प्रधानमन्त्री देउवाले अमेरिकी प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा खुसी लागेको उल्लेख गर्नुभएको छ । तिब्बत मामिलाका लागि अमेरिकी विशेष संयोजकसमेत रहनुभएका उहाँ तीन दिने नेपाल भ्रमणका क्रममा शुक्रबार यहाँ आइपुग्नुभएको हो । यसै गरी परराष्ट्रमन्त्री डा नारायण खड्कासँग संयुक्त राज्य अमेरिकाका उपविदेशमन्त्री उज्रा जिया नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ ।

परराष्ट्र मन्त्रालयमा भएको सो भेटमा उहाँहरुबीच द्विपक्षीय/बहुपक्षीय मञ्चहरूमा मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध र सहयोग सम्बन्धी विभिन्न विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । तिब्बत मामिलाका लागि अमेरिकी विशेष संयोजकसमेत रहनुभएका उहाँ तीन दिने नेपाल भ्रमणका क्रममा शुक्रबार यहाँ आइपुग्नुभएको हो ।

यो वर्ष नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औँ वर्ष चलिरहेको छ । यस अवसरमा नेपाल भ्रमणका लागि अमेरिकाबाट उच्च अधिकारीहरु आइरहनुभएको छ ।

## ७९ प्रतिशत मत गणना सकिदा मेयरमा आचार्य र उपमेयरमा गुरुङको अग्रता

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ





पोखरा महानगरपालिकाको मेयरका प्रत्यासी नेकपा एमालेका उमेदवार कृष्ण थापाको वडामा नेपाली काग्रेंसले जित हासिल गरेको छ । एमालेको गण मानिने पोखरा १६ (वाटुलेचौर) मा करिब ३ दशक पछि एमालेको गण मानिएको उक्त क्षेत्रमा काग्रेंसका अमृत शर्मा तिमिल्सिनाले जित हासिल गरेका हुन् ।

शर्माले नेकपा एमालेका वडा अध्यक्षका प्रत्यासी राजेश गुरुङलाई १ सय ४८ मत अन्तरले पराजित गर्दै एमालेको गण भत्काएका हुन् । शर्माले ३ हजार ३ सय १८ मत ल्याउदा उनका प्रतिष्प्रर्धी गुरुङले ३ हजार १ सयउ ७० मत ल्याएका थिए । अन्य चार जना सदस्यमा भने नेकपा एमालेका उमेदवारहरु विजयी भएका छन् । गण्डकी प्रदेशका भौतिक पूर्वाधार शहरी विकास एवं यातायात व्यबस्था मन्त्री कुमार खड्काको समेत वडा भएकोले गर्दा उक्त वडामा वडा अध्यक्ष काग्रेंसको पक्षमा परेको छ भने अन्य सदस्य एमालेबाटै निर्वाचित भएका छन् ।

उक्त वडामा पोखराका मेयरका प्रत्यासी थापाको पक्षमा ३ हजार ४ सय ४६ मत परेको छ भने उनका निकटमत प्रतिष्प्रर्धी एकीकृत समाजवादी गठबन्धनका उमेदवार धनराज आचार्यको पक्षमा भने २ हजार ४ सय ९२ मत परेको छ । पोखरा १६ मा ७ हजार ५ सय १९ मत खसेकोमा एमालेकी उपमेयरकी प्रत्यासी मन्जुदेवि गुरुङले ३ हजार ५ सय ६५ मत ल्याएकी छन् । नेपाली कागेंस उपमेयरकी प्रत्यासी कोपिला रानाभाटले भने २ हजार ६ सय ६९ मत ल्याएकी हुन् । यसैबिच पोखरा महानगरपालिकाकाको आइतबार करिब बेलुका ८:३० बजेसम्म करिब ७९ प्रतिशत मतपरिणाम सार्वजनिक हुदा मेयर पदमा गठबन्धनका उमेदवार धनराज आचार्य र उपमेयरमा एमालेकी मन्जु देवि गुरुङले अग्रता कायम गर्न सफल भएकी छन् । १ लाख १२ हजार २ सय ८० मत गणना हुदा मेयरका गठबन्धनका साभ्का उमेदवार धनराज आचार्यले ३ हजार ४ सय ३७ मतान्तरले अग्रता कायम गरेका छन्। आचार्यले ४५ हजार २७ मत ल्याउदा उजनका निटकतम प्रतिद्धन्दी नेकपा एमालेका मेयरका उमूदवार कृष्ण थापाले ४१ हजार ५ सय ९० मत ल्याएका छन् । आचार्यले भने सुरुबाटै पछि पार्दै आफ्नो् अग्रता कायमै राखेका हुन् । राप्रपाका मेयरका उमेदवार शंकर खराललले ४ हजार ९ सय ८७ मत ल्याएका छन भने लौरी चिन्हःका स्वतन्त्र उमेदवार गणेन पौडेलले भने २ हजार ७ सय ५९ मत ल्याएका छन् ।

त्यसै गरी उपमेयरमा भने एमालेकी उमेदवार मन्जु देवि गुरुङले उक्त मत परिणाम सार्वजनिक हुदा ४७ हजार ३ सय २४ मत ल्याउदा रानाभाटले भने ४४ हजार ९ सय ६४ मत ल्याएकी हुन् ।

हालसम्म नेकपा एमालेले ७ वटा वडामा जित हासिल गरेको छ भने कागेंसले भने हालसम्म १७ वटा वडामा जित हासिल गरेको छ । हाल पोखरा बाँकी वडाको मत गणना जारी रहेको छ । ढिलोमा मंगलबार भित्र पोखराको मत परिणाम सार्वजनिक हुने भएको निर्वाचन कार्यालय पोखराका निर्वाचन अधिकृत श्रीकृष्ण अधिकारीले बताए । संघीयता पछिको पहिलो २०७४ मा स्थानिय तहको निर्वाचनमा एमालेले पोखराका २२ वटा वडामा जित हासिल गरेको थियो भने कागेंसले ११ वटा वडामा जित हात पारेको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार सोमबार रातिसम्म पोखराको सबै वडाको मतपरिणाम सार्वजनिक हुने जनाएको छ ।

## सार्वजनिक बिदाका दिन चलेका सरकारी सवारी साधन नियन्त्रणमा

रासस
वालिङ, ८ जेठ

सार्वजनिक बिदाका दिनमा सञ्चालन गरिएका सरकारी सवारी साधनलाई नियन्त्रणमा लिइएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले सार्वजनिक बिदाका दिनमा सार्वजनिक निकायले कार्यालयका सवारी साधन सञ्चालन नगर्ने गृह मन्त्रालयको निर्देशनानुसार कार्यान्वयन गर्ने क्रममा शनिबार पाँच सवारी साधन नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक पदमराज थापाका अनुसार बिरुवा गाउँपालिकाका दुई मोटरसाइकल, शिक्षा कार्यालयको एउटा मोटरसाइकल, गल्याङ नगरपालिकाको चार पाङ्ग्रे सवारी साधन र पर्वतको पैयुँ गाउँपालिकाको चार पाङ्ग्रे सवारी साधन नियन्त्रणमा लिइएको हो । आइतबार पनि सार्वजनिक बिदा भएकाले अनुमति विना सरकारी सवारी साधन सञ्चालन गरेको पाइएमा नियन्त्रणमा लिइने उहाँले बताउनुभयो । शनिबार नियन्त्रणमा लिइएका सरकारी सवारी साधन आज सार्वजनिक बिदा भएकाले सोमबार मात्रै आवश्यक प्रक्रिया पूरा गरेर फिर्ता गरिने उहाँले जानकारी दिनुभयो । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय भई यही जेठ १ गतेदेखि लागू भइसकेकाले सार्वजनिक बिदाका दिनमा प्रशासन कार्यालयबाट जारी भएका पासबाहेकका सरकारी सवारी साधन सञ्चालन नगर्न नगराउन अनुरोध गरिएको छ ।

## चट्याङ लागेर एकको मृत्यु, तीन गम्भीर घाइते

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

ढोरपाटन नगरपालिका-७ गाल्डुङका कालीप्रसाद विक र पुण्यराम कामीको घरमा आइतबार दिउँसो चट्याङ पर्दा एक जनाको मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन् । चट्याङ लागेर गम्भीर घाइते हुनुभएका कालीप्रसाद विकका छोरा १९ वर्षीय बालचन्द्रको उपचारका क्रममा बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

चट्याङ लागेर सोही ठाउँका जेने विकका १६ वर्षीय छोरा बिटु विक, डल्ले विककी छोरी १६ वर्षीया लक्ष्मी विक र ७२ वर्षीय पुण्यराम कामी गम्भीर घाइते भएका छन् । घाइते तीनै जनालाई थप उपचारका लागि पाल्पाको मिसन अस्पताल पठाइएको जिप्रकाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

## पेट्रोल प्रतिलिटर १८०, ग्यास प्रतिसिलिण्डर एक हजार ८००

रासस
काठमाडौं, ८ जेठ

नेपाल आयल निगमले आज राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

निगमले पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धन (आन्तरिक) मा प्रतिलिटर रु १० र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर रु २०० वृद्धि गरेको छ ।



पेट्रोलको मूल्य प्रतिलिटर रु १८०, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु १६३, हवाई इन्धनको मूल्य प्रतिलिटर रु १६६ तथा एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार ८०० पुगेको छ । निगमले यसअघि गत वैशाख ३१ गते पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर रु १० वृद्धि गरेको थियो ।

## शिक्षालयमा हप्तामा दुई दिन बिदा नदिन आग्रह

रासस
काठमाडौं, ८ जेठ

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, नेपालले शैक्षिक क्षेत्रमा हप्तामा दुई दिन बिदा दिने निर्णय फिर्ता लिन नेपाल सरकारसँग माग गरेको छ ।

विगत दुई वर्ष अगाडिदेखि कोभिड-१९ का कारण विद्यालय

बाँकी अन्तिम पृष्ठमा ▶▶


## सात सय छ पालिकाको मतगणना सम्पन्न

रासस
काठमाडौं, ८ जेठ

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको हालसम्म ७०६ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ ।

निर्वाचन आयोगका अनुसार गाउँपालिका, नगरपालिका र महानगरपालिका गरी ७०६ को मतगणना सम्पन्न भइ परिणाम सार्वजनिक भएको छ । मुलुकभर कूल ७५३ पालिका रहेकामा गणना सकिएका पालिकाको प्रतिशत ९३ दशमलव ९४ प्रतिशत देखिएको छ । मतपरिणाममा नेपाली कांग्रेस अग्रणी रहेको छ भने त्यसपछिको क्रममा नेकपा (एमाले), नेकपा (माओवादी) केन्द्रलगायत रहेका छन् । काठमाडौँ, ललितपुर, भरतपुर, पोखरा, वीरगञ्ज महानगरसहित केही पालिकाको मतगणना जारी रहेको छ ।

बाजुराको बुढी गङ्गा नगरपालिका र उदयपुरको त्रियुगा नगरपालिका-१२ मा भएको मतदानमा विवाद उत्पन्न भएकाले मतगणना गर्ने या पुनःमतदान गर्ने भन्नेमा निर्वाचन आयोगले निर्णय गर्न बाँकी रहेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्भनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सेभेन ए साईड फुटबल प्रतियोगिता जारी, घोतानेका त्रिपल ह्याट्रिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**

पोखरा-१४ जनएकता युवा क्लबको आयोजनामा सञ्चालित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगतामा शुभकामना क्लबलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै कमलपोखरी एफसी दोस्रो चरणमा प्रवेश गरेको छ।

स्थानीय रामेश्वरी माविको खेल मैदानमा भएको प्रतिस्पर्धामा निर्धारित समयमा दुवै टोलीबाट २-२ गोलको बराबरीपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो । पेनाल्टी सुटआउटमा कमलपोखरीले शुभकामनालाई २-० गोलले पराजित गरेको थियो । पेनाल्टी सुटआउटमा शुभकामनाका किरण कार्की र सनम केसीले गोल गर्न चुकेपछि दोस्रो चरणको यात्रा तय गर्नबाट बन्चित हुन पुग्यो। कमलपोखरीका लागि सलिन गुरुङ र अजय गुरुङले गोल गरेका थिए।

निर्धारित समयमा दोस्रो मिनेटमा कमलपोखरीका आत्मघाती गोल गरेपछि शुभकामनाले अग्रता लिएको थियो । अजय गुरुङले खेलको १५ औं गोल गर्दै बराबरी गरे। २६ औं मिनेटमा जीवन गुरुङ कमलपोखरीले गोल । शुभकामनाका ४२ औं किरण कार्कीले गोल।

दोस्रो खेल भक्कु एफसी विरुद्ध विरौटा एफसीसँग प्रतिस्पर्धा गर्दा भक्कु एफसीले ४-१ गेलले पराजित गरेको छ। भक्कुको लागि मनोज गुरुङले दुई तथा मिन गुरुङ र सरोज तितुङले एक गोल गर्दा विरौटाका लागि अनुज भण्डारीले एक गोल गरेका थिए। मनोज खेलमा म्यान अफ दि म्याच घोषित भए। तेस्रो खेलमा मसिना एफसीले विजय बस्तीलाई ११-० को फराकिलो गोलले पराजित गऱ्यो। फराकिलो जित दर्ता गर्ने क्रममा मसिनाका सुनिल घोतानेले त्रिपल ह्याट्रिक(९ गोल) गरे। दुई गोल भने विजय श्रेष्ठको नाममा रह्यो । खेलमा घोताने म्यान अफ दि म्याचबाट पुरस्कृत भए।

चौथो खेलमा आर्दश युवा क्लब भण्डारढीकले जी-९ युनाईटेड एफसीलाई १०-० गोलले पराजित गरेको छ । आर्दशका लागि अमृत कुँवरले ५ गोल गरे। विकास परियारले २ र विसन गुरुङ, अर्जुन गुरुङ र अर्जुन मगरले एक गोल गरेका थिए। पाँचौ खेलमा जनएकता क्लब एले काजीपोखरी एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गरेको थियो छैटौ खेलमा समावेशी एफसीले मसिना एफसी पहेलों विरुद्ध खेल्यो। मसिना एफसी पहेंलोले समावेशीलाई ३-० गोलले पराजित गर्ने क्रममा सन्जु नेपालीले २ र सिद्धान्त गुरुङले १ गोल गरेका थिए। प्रतियोगितामा ४६ क्लबको सहभागिता रहेको छ। प्रतियोगिताको गण्डकी खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङले उदघाटन गरेका थिए । प्रतियोगितामा विजेताले नगद १ लाख ११ हजार रुपैयाँ प्राप्त गर्ने छन् । उपविजेताले ६१ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छन्।

उत्कृष्ठ खेलाडीले नगद ५ हजार प्राप्त गर्ने छन् । त्यसैगरी उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्तालाई नगद ३/३ हजार रुपैयाँ प्राप्त गर्ने क्लबका सचिव घनश्याम अधिकारी(श्याम)ले जानकरी दिए।

# तनहुँमा ३७३ जनप्रतिनिधि निर्वाचित

**पोखरापत्र संवाददाता**
**दमौली, ८ जेठ**

स्थानीय तह निर्वाचनबाट तनहुँमा नौ स्थानीय तहमा ३७३ जनप्रतिनिधि निर्वाचित भएका छन् । व्यास नगरपालिकामा मतगणना जारी रहँदा व्यासबाहेकका नौ स्थानीय तहमा ३७३ जनप्रतिनिधि निर्वाचित भइसकेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ।

नगरपालिकाका प्रमुख-उपप्रमुख, गाउँपालिकाका अध्यक्ष-उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य गरी उक्त सङ्ख्यामा जनप्रतिनिधि निर्वाचित भएको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । जिल्लामा सबैभन्दा बढी नेपाली कांग्रेसबाट जनप्रतिनिधि निर्वाचित भएका छन् । कांग्रेसबाट १८२ जनप्रतिनिधि निर्वाचित भएका हुन् । नेकपा (एमाले)बाट १५१, नेकपा (माओवादी केन्द्र)बाट ३४, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक र स्वतन्त्रबाट पाँच जनप्रतिनिधि निर्वाचित भएका छन् । कार्यालयका अनुसार नौ प्रमुख-अध्यक्ष, नौ उपप्रमुख-उपाध्यक्ष, ७१ वडाध्यक्ष, ७१ महिला सदस्य, ७१ दलित महिला सदस्य र १४२ खुला सदस्य निर्वाचित भएका छन्। व्यास नगरपालिकाबाट ७२ जनप्रतिनिधि निर्वाचित हुनेछन्। निर्वाचनबाट तनहुँमा कूल ४४५ जनप्रतिनिधि निर्वाचित हुनेछन्।

कांग्रेसबाट पालिका प्रमुख-अध्यक्ष चार, उपप्रमुख-उपाध्यक्ष चार, वडाध्यक्ष ३५, महिला सदस्य ३३, दलित महिला सदस्य ३३ र खुला सदस्य ७३ जना निर्वाचित भएका छन्। एमालेबाट पालिका प्रमुख-अध्यक्ष चार, उपप्रमुख-उपाध्यक्ष दुई, वडाध्यक्ष २५, महिला सदस्य ३२, दलित महिला सदस्य ३२ र खुला सदस्य ५६ जना निर्वाचित भएका छन्।

माओवादी केन्द्रबाट पालिका प्रमुख-अध्यक्ष एक, उपप्रमुख-उपाध्यक्ष तीन, वडाध्यक्ष सात, महिला सदस्य पाँच, दलित महिला सदस्य छ, खुला सदस्य १२ निर्वाचित भएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट खुला सदस्य एक जना निर्वाचित भएका छन् । स्वतन्त्रबाट वडाध्यक्षमा चार र महिला सदस्यमा एक जना निर्वाचित भएका छन्।

# 'मुलुकमा नीतिगत सुनिश्चितता, पद्धति र प्रणालीगत सुधारको खाँचो'

**रासस**
**काठमाडौं, ८ जेठ**

मुलुकको पद्धति र प्रणालीगत सुधार नभएसम्म नागरिकले सोचेको जस्तो विकास हुन नसक्ने काठमाडौँमा आयोजित एक कार्यक्रममा औँल्याइएको छ । अर्थविज्ञ डा स्वर्णिम वाग्लेको 'अतृप्त अवसर' पुस्तक विमोचन तथा समसामयिक अर्थ राजनीतिक विमर्शमा सहभागी समाजशास्त्री, अर्थविज्ञ तथा राजनीतिज्ञले उक्त कुरामा जोड दिनुभएको छ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य समाजशास्त्री उषा झाले नेपालमा सबै कुरा ठीक भए पनि 'प्रणाली' नरहेको बताउनुभयो । मुलुकलाई दीगो विकासतर्फ लैजाने हो भने नागरिकलाई अगाडि राखेर हेर्नुपर्नेमा उहाँको जोड थियो । पाँच वर्षको काम सोचेर योजना बनाउँदैमा विकास नहुने तर्क गर्दै उहाँले भन्नुभयो, "बद्लनुपर्छ, पाँच वर्षको योजनाले मुलुकमा दीगो विकास हुन्न, कम्तीमा २५ वर्षको योजना निर्माण गर्नुपर्छ, त्यो गरेन भने पुस्तकको शीर्षक जस्तै विकासमा जहिले पनि अतृप्त अवसर रहिरहन्छ।"

समाजशास्त्री झाले थप्नुभयो, "सरकार जस्तो सुकै आओस् चलिरहेको कुरामा कहाँ अतृप्त अवसर छन् त्यसमा उसले थप्नसक्छ, तर योजना २५ वर्षको बनाएर कार्यान्वयन गर्नुपर्छ।" उहाँले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा ध्यान दिनसके आर्थिक विकास र मानव संशाधन विकासमा सघाउ पुग्नेमा उहाँको भनाइ थियो। उहाँले नीति निर्माणका हिसाबले नेपाल धनी रहेको तर त्यो कागजमै सीमित रहेको जिकिर गर्नुभयो। पुस्तकका लेखक अर्थविज्ञ डा स्वर्णिम वाग्लेले विगतमा नेकपाको सरकारसँग धेरै अवसर हुँदाहुँदै काम गर्न नसकेको टिप्पणी गर्दै कुर्सीमा जाने मात्रै होइन विकासको खाका पहिलेदेखि नै तयार गरेर राजनीतिक पार्टीले काम गर्नुपर्नेमा जोड दिनुभयो । "नेकपाको सरकारले त्यसबेला सुरुको वर्ष स्थिरताका सवालमा केही राम्रा कुरा गरेको हो। अर्को वर्ष असाधारण अवसरमा उपलब्धि औषत भयो, मैले मेरो किताबमा उल्लेख गरेको छु, तेस्रो वर्ष अस्थिरताले काम भएन, सबै क्षेत्रमा धावा बोल्ने काम मात्रै भयो", उहाँले भन्नुभयो । दलहरुमा के गर्ने भनेर पूर्वतयारी नै हुन्न। यसका लागि फराकिलो टिम चाहिन्छ, त्यो हुन सकेन यस्ता कमजोरीबाट अब सिक्नुपर्छ, आउँदो सरकार जोगिनुपर्छ, उहाँले सुझावात्मक टिप्पणी गर्नुभयो । उहाँले कुर्सी मात्रै जोगाएर केही नहुने भएकाले नीतिगत सुनिश्चितता, पद्धति र प्रणालीगत सुधार जरुरी रहेको बताउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष वाग्लेले शक्ति पृथकीकरणमा राजनीति हावी हुँदै गएको महसुस भएको बताउँदै नागरिक समाजबाट संरचनामा पुनःमूल्याङ्कन गर्न जरुरी छ भन्नुभयो। उहाँले राजनीति सङ्लो नभई मुलुक विकासतर्फ अघि नबढ्ने जिकिर पनि गर्नुभयो। वाग्लेले पूर्वाधारमा मात्रै बजेट खन्याउँदैमा अपेक्षित प्रतिफल नआउने दावी गर्नुभयो।

बहसमा भाग लिँदै नेपाली कांग्रेसका महामन्त्री गगन थापाले दलमा तयारी नपुग्दा सरकारमा पुगेपछि कसरी कुर्सी जोगाउने र कसरी सरकार बदल्ने भन्ने खेलमा मात्रै ध्यान पुग्ने गरेको उल्लेख गर्नुभयो । दलहरु सच्चिनुपर्ने स्वीकार गर्दै नेता थापाले कांग्रेसले त्यो अभ्यास सुरु गरिसकेको पनि बताउनुभयो । त्यसको पहिलो काम सदस्यता वितरण प्रणालीबाटै सुरु भएको थापाले तर्क प्रस्तुत गर्नुभयो। विगतमा सरकारले गरेका राम्रा र नराम्रा कामबाट सिक्दै अघि बढ्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । "अब पाँच वर्ष अवसर पाउँदा हामी हरेक वर्ष यो यो काम गर्ने भन्ने तयारीका साथ जानेछौँ, विधागत रुपमा आएका मान्छेहरुको सहयोग लिनेछौँ", थापाले योजना सुनाउनुभयो।

उहाँले सरकार गठन हुँदैमा सबै काम गर्न नसक्ने बताउँदै त्यसमा सबै नागरिकको उत्तिकै जिम्मेवारी रहने बताउनुभयो । थापाले भन्नुभयो, "अहिलेसम्म कुनै पनि राजनीतिक दलभित्र सरकारमा कसरी पुग्ने भन्ने मात्रै तयारी छ, त्यसपछि के गर्ने भन्ने तयारी शून्य छ, त्यसलाई बदल्न सक्नुपर्छ।" उहाँले कांग्रेसले पार्टीको सदस्य प्रणालीलाई सुधार्नुपर्छ भनेर काम शुरु गरिसकेको बताउनुभयो । उहाँले निर्वाचनमा उम्मेदवारी चयन गर्ने विषय पनि स्थानीयस्तरबाटै छनोट गर्नुपर्छ भन्नुभयो। उहाँले कुनै पनि एजेण्डाका साथ म कांग्रेसबाट चुनाव लड्छु भनेर कोही आयो भने, उसले लड्न पाउने गरी व्यवस्था आओस् भन्ने कोसिस हाम्रो छ, भन्नुभयो । उहाँले पार्टी सुदृढीकरण पनि जरुरी रहेको औँल्याउनुभयो।

## शिक्षालय...

नियमित नखुल्दा पठनपाठनले गति लिन नसकेको र विद्यार्थीमा पढ्ने लेख्ने अभ्यास हराउँदै जान थालेकाले नियमित पढाइ सञ्चालन गर्न महासङ्घले माग गरेको हो।

महासङ्घका अध्यक्ष कृष्ण थापा र महासचिव गुणराज मुक्तानले आइतबार विज्ञप्ति जारी गरी बालबालिकाको सिकाइ निरन्तरतामा नोक्सानी भइरहेका अवस्थामा झनै हप्तामा दुई दिन विद्यालय बन्द गर्ने सरकारको निर्णय सिकाइ निरन्तरता र गुणस्तरीय शिक्षा प्रतिकूल हुने भएकाले निर्णय फिर्ता लिन आग्रह गर्नुभएको छ।

सरकारले इन्धन बचतका लागि यही जेठ १ गतेदेखि शनिबारका अतिरिक्त आइतबार पनि बिदा दिने निर्णय कार्यान्वयन गरेपछि शिक्षालयमा पनि आइतबार बिदा हुन थालेको हो। निजी विद्यालयले भने आफूखुसी गरेका छन्।


## जनहितमा जारी जरूरी सूचना

मानव बस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति बर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं।

आफ्नो बस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः ०६१-४६७६५४, ०६१-४६७६६९, ०६१-४६७६७०**
**इमेलः** moitfe4@gmail.com

## पखालाबाट बचौं र बचाऔं।

*पपखाला लाग्न नदिन,*

- *खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।*
- *शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।*
- *खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।*
- *उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।*
- *बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।*
- *खानेपानीको मुहान सफा र सुरक्षित राखौं।*
- *घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# जनता मारा निर्णय फिर्ता लेऊ

सरकारले स्थानीय तहको निर्वाचनको सबै परिणाम नआउँदै पेट्रोलियम पदार्थको भारी मुल्य बढाएको छ। छाचुनावमा मत दिएको मसी सुक्न नपाउँदै चर्को मुल्य बढाएको सरकारले आठ दिनपछि पेट्रोल, डिजेल, मट्टीतेल, खाना पकाउने एलपी ग्यास र हवाइ इन्धनको मूल्य बढाएको छ। आइतबार राति १२ बजेबाट लागू हुने गरी सरकारले पेट्रोल, डिजेल, मट्टीतेल र हवाइ इन्धन (आन्तरिक) लिटरमा १० रुपैयाँ र ग्यासमा प्रतिसिलिन्डर दुई सय रूपैयाँ बढाएको हो । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यसँगै प्रशोधित तेलको मूल्य निरन्तर बढ्दै गएको भन्दै नेपाल आयल निगमले मूल्य बढाएको जिकिर गरेको छ। यसअघि वैशाख ३१ गते मात्र सरकारले पेट्रोल र डिजेल लिटरमा १० रूपैयाँ बढाएको थियो। नयाँ मूल्यसँगै अब काठमाडौं उपत्यकामा पेट्रोल १८० रूपैयाँ, डिजेल र मट्टीतेल १६३ रूपैयाँ लिटर पर्नेछ। त्यस्तै एलपी ग्यास १८०० (एक हजार ८ सय) रूपैयाँ पर्नेछ।

हवाइ इन्धन (आन्तरिक) को मूल्य लिटरको १६६ रूपैयाँ पुगेको छ। भारतीय आयल कर्पोरेसन (आइओसी) ले पठाएको पछिल्लो मूल्यका आधारमा आयल निगमले मूल्य समायोजन गरेको बताएको छ । समायोजनपछिको मूल्यमा पनि निगमलाई महिनामा ग्यासमा करिब तीन अर्ब, डिजेलमा करिब तीन अर्ब ४० करोड र पेट्रोलमा एक करोड रूपैयाँ घाटा हुने देखिएको निगमले जनाएको छ । निगमलाई मट्टीतेल, हवाई इन्धनमा भने नाफा छ। मट्टीतेलमा लिटरको २२.११ रूपैयाँ, हवाई इन्धन आन्तरिकतर्फ १३.९८ रूपैयाँ र बाह्यतर्फ ५९.८१ रूपैयाँ नाफा रहेको निगमले जनाएको छ।

युक्रेन रूस युद्धका कारण अन्तर्राष्ट्रिय तेल बजारमा ठूलो प्रभाव परेको छ। कच्चा तेलको मूल्य उकालो लागेसँगै पेट्रोल लगायत इन्धनको भाउ बढेको छ। कुशासन र अपारदर्शी रहेको आयल निगम पहिल्यैदेखि घाटामा चलिरहेको थियो। त्यसैले अहिले नेपाली बजारमा इन्धनको भाउ छोटो समयमै धेरै बढिरहेको छ। आयल निगमले अन्तर्राष्ट्रिय बजारबाट आफैं कच्चा तेल खरिद गर्दैन । आइओसीबाट आफूलाई चाहिने सबै किसिमका प्रशोधित पेट्रोलियम पदार्थ खरिद गर्दै आएको छ । यसरी पेट्रोलियम किनेबापत् आइओसीले हरेक महिना पन्ध्र-पन्ध्र दिनमा आयल निगमलाई मूल्य पठाउँछ।

आइओसीले पठाउने मूल्य उसले अन्तर्राष्ट्रिय बजारबाट किन्ने कच्चा तेलको लागतमा आधारित हुन्छ। लागत मूल्यमा आफ्नो प्रशोधन शुल्क लगायत खन्य खर्चहरू जोडेर आइओसीले नेपालको निम्ति बिक्री मूल्य तय गर्छ । त्यसपछि आयल निगमले पेट्रोलियम आयात गरेबापत् सरकारलाई तिर्नुपर्ने भन्सार लगायत महसुलहरू, आफ्नो प्रशासनिक खर्च, ढुवानी लागत र डिलर कमिसनसमेत जोडेर उपभोक्ता मूल्य तय गर्छ। यसरी जनताले किन्ने पेट्रोल, डिजेल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको मूल्य निर्धारण हुन्छ।

यो प्रक्रियामा पेट्रोलियमको मूल्य तय हुने सबभन्दा ठूलो आधार भनेकै आइओसीले अन्तर्राष्ट्रिय बजारबाट किन्ने कच्चा तेलको दाम हो । आइतबार मध्यरातबाट लागु हुनेगरी सरकारले दैनिक उपभोग्य अत्यवश्यक वस्तु इन्धनको मूल्यमा भारी वृद्धि गरेर ढाड सेक्ने काम गरेको छ। मूल्य वृद्धिको नयाँ निर्णयसँगै देशैभर अब वस्तु तथा सेवाको ढुवानी र लागत भाडा महँगीने छ । स्थानीय तह निर्वाचनमा नयाँ प्रतिनिधिले कार्यभार सम्हालेर काम गर्न नपाउँदै मूल्यवृद्धिको चपेटामा परेका छन् । निर्वाचनमा मतदिएका जनतालाई सरकारले मूल्यवृद्धिको उपहार दिएको छ। नेपाली जनतालाई जे गरे पनि हुन्छ भन्ने शासकीय दम्भ देखाएको छ। बढाइएको इन्धनको मूल्य निगमको इतिहासमै एकैपटक भएको सबै भन्दा ठूलो मूल्यवृद्धि हो । एकै पटकमा लिटरमा १० रुपैयाँ र खानापकाउने ग्यासमा प्रति सिलिन्डर दुई सय रुपैयाँ बढाइएको छ।

पूर्ण सरकारी स्वमित्वको निगमले घाटा चुलिँदै गएको बहानामा उपभोक्तामाथि पुनः मूल्यवृद्धि थोपरिएको छ । तर, इन्धनको नाममा सरकारले कमाउने कर घटाउन भने कुनै पनि निकायको ध्यान पुगेको देखिन्न। सडक मर्मत, प्रदुषण नियन्त्रण, पूर्वाधार विकास कर लगायतका ७ शीर्षकमा सरकारले अहिले भन्सार विन्दुमै उपभोक्ताबाट कर असुल गरेको छ। पूर्वाधार विकास कर भनी सरकारले पेट्रोलियम पदार्थमा उठाएको कर हालसम्म ९० अर्ब पुगिसकेको छ। बुढीगण्डकी आयोजना निर्माणका लागि भन्दै सरकारले इन्धनमा प्रतिलिटर ५ रुपैयाँ उठाउने गरेको कर पछिल्लो समय बढाएर १० रुपैयाँ बनाएको छ । गत वर्ष पेट्रोलियमबाट मात्रै जनतासंग ९८ अर्ब कर संकलन गरेको सरकारले चालु आर्थिक वर्षको चैत तेस्रो सातासम्म ८८ अर्ब रुपैयाँ कर संकलन गरेको छ । पेट्रोलियम पदार्थको मूल्य हालसम्मकै उच्च विन्दुमा पुग्दा पनि सरकार भने करबारे पुनरावलेकन गर्न तयार छैन। जनताको ढाड सेक्ने गरि गठबन्धन सरकारले गरेको निर्णय परिवर्तन गर्न जनताको अधिकार र बेथिति विरुद्ध रहने राजनीतिक दल, पेशागत र नागरिक समुदायले खबरदारी र दबाबमूलक आन्दोलन गर्नु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यासित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# पलम र ऐँसेलु खाँदा पाँच बालबालिका बिरामी

पोखरापत्र संवाददाता

बागलुङ, ८ जेठ

पलम (आल्चा) र ऐँसेलु खाँदा बागलुङको काठेखोला गाउँपालिका-५ बिहुँका पाँच बालबालिका बिरामी परेका छन् ।

शनिबार घर नजिकैको बारीमा पलम र ऐँसेलु खाएका पाँच बालबालिका शनिबार राति बिरामी परेपछि धौलागिरि अस्पताल बागलुङमा उपचारका लागि भर्ना गरिएको छ ।

ऐँसेलु र पलम खाएका बालबालिकामा झाडापखला, वान्ता लगायतका समस्या देखिएर गम्भीर बनेपछि चारैको अहिले धौलागिरि अस्पतालमा उपचार भइरहेको छ । ऐँसेलु र पलम खाँदा बिरामी परेका १० वर्षका विपना सुनार, ११ वर्षका विनोद विक, तीन वर्षका सायना सुनार र १४ वर्षका मिलन सुनारको उपचार भइरहेको छ, भने सपना सुनारको घरमै उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक ईन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

उनीहरुले खाएको पलम र ऐँसेलुले विषाक्त बनाएका कारण बिरामी परेका र उनीहरुको अवस्थामा अहिले सामान्य सुधार भइरहेको धौलागिरि अस्पतालका बालरोग विशेषज्ञ डा कृति कँडेलले जानकारी दिनुभयो ।

# मुक्तिनाथ उडेको हेलिकोप्टर बागलुङमा आकस्मिक अवतरण

रासस

बागलुङ, ८ जेठ

मुक्तिनाथ दर्शनका लागि पोखराबाट उडेको सिम्रिक एयरको हेलिकोप्टर मौसममा आएको खराबीका कारण बागलुङमा आकस्मिक अवतरण गरेको छ ।

मुस्ताङका लागि उडेको हेलिकोप्टर मौसममा आएको खराबीका कारण बागलुङ बजारको धौलागिरि क्याम्पमा आकस्मिक अवतरण गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ईन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

मौसममा सुधार आएपछि हेलिकोप्टर गन्तव्य तर्फलाग्नेछ तर सुधार नआए हेलिकप्टर पोखरा फर्कने जनाइएको छ ।

# कालिका मन्दिर चिनाउन सङ्ग्रहालय

पोखरापत्र संवाददाता

बागलुङ, ८ जेठ

गण्डकी प्रदेशको उत्कृष्ट धार्मिक गन्तव्यका रूपमा चिनिँदै आएको बागलुङ कालिका मन्दिरको पहिचान, प्रचार-प्रसार र पुरातात्विक वस्तुको संरक्षण गर्नका लागि सङ्ग्रहालय निर्माण थालिएको छ ।

कालिका मन्दिर भगवती मन्दिरको प्रवेशद्वारमा दुईतले सङ्ग्रहालय भवन निर्माण थालिएको छ । कालिका मन्दिरसँग जोडिएको पुरातात्विक वस्तु, कालिका मन्दिरको इतिहाससलगायतका जानकारी सङ्ग्रहालयमा राखिने छ । सङ्ग्रहालय निर्माणपश्चात कालिका मन्दिर चिनाउन थप सहज हुने कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो ।

"सङ्घीय सरकारको योजनामा सङ्ग्रहालय बन्नका लागि शनिबार शिलान्यास गरेका छौँ, कालिका मन्दिरको पहिचान, मन्दिरको थप रोचक पक्षलाई उजागर गर्न सङ्ग्रहालय अवलोकन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "मन्दिरको मेला र निर्वाचनका कारण निर्माण गर्न केही ढिलाइ भएको हो, जतिसक्दो छिटो सङ्ग्रहालय तयार हुनेछ ।" शनिबार बागलुङ नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख वसन्तकुमार श्रेष्ठले सङ्ग्रहालयको शिलान्यास गर्नुभएको हो ।

दुई तलाको पक्की भवन निर्माणपश्चात यसलाई सङ्ग्रहालयका रूपमा अगाडि बढाइने छ । सङ्ग्रहालय भवन निर्माण गर्न सङ्घीय सरकारअन्तर्गत सघन तथा भवन डिभिजन कार्यालय बागलुङले रु ९० लाख विनियोजन गरेकामा रु ६१ लाखमा ठेक्का सम्झौता भएको छ । ठेक्का मिति यही असारसम्म रहेको छ । माछापुच्छ्रे निर्माण सेवाले उक्त भवन निर्माणको जिम्मा पाएको निर्माण कम्पनीका प्रतिनिधि कलाधर आचार्यले जानकारी दिनुभयो ।

# थप छ जनामा सङ्क्रमण पुष्टि

रासस

काठमाडौं, ८ जेठ

पछिल्लो समय कोरोना भाइरसको सङ्क्रमण दर उल्लेख्यरूपमा घटेको पाइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार सार्वजनिक गरेको बुलेटिनमा दुई हजार २२६ जनामा परीक्षण गर्दा छ जनामा सङ्क्रमण पुष्टि भएको छ ।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या १४१ जना छन् । विगत २४ घण्टामा १३ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६६ हजार ९७५ पुगेको छ। यो दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। शून्य सङ्क्रमित रहेका जिल्ला ३१ पुगेका छन् ।

नेपालमा सङ्क्रमण दर १७.२ प्रतिशत छ । नेपालमा प्रति दश लाखमा ३९३.४ को निधन भएको छ । आज १७ हजार ३०२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म होम आइसोलेशनमा १४०, संस्थागत आइसोलेशनमा एक र सघन उपचार कक्ष (आइसियु)मा एक जनाको उपचार भइरहेको छ ।



विजयी ऱ्यालीमा कौरा नृत्य प्रस्तुत : व्यास नगरपालिका-१२ को वडाध्यक्षमा नेपाली काँग्रेसका बमबहादुर आले विजयी भएपछि कौरा नृत्यसहित आइतबार सदरमुकाम दमौली बजारमा निकालिएको विजयी ऱ्याली । तस्बिरः सानेबहादुर नेपाली/रासस

# नगरप्रमुखलाई आफ्नै प्रशासनिक भवन पहिलो चुनौती

पोखरापत्र संवाददाता

बागलुङ, ८ जेठ

बागलुङ नगरपालिकामा नवनिर्वाचित नगरप्रमुख वसन्तकुमार श्रेष्ठले शनिबार बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिको प्रशासनिक भवन शिलान्यास गर्नुभयो ।

निर्वाचित भएपछि उहाँको यो पहिलो शिलान्यास हो। कालिका भगवतीको प्रशासनिक भवन शिलान्यास गर्नुभएका नगरप्रमुख श्रेष्ठलाई संयोग मिलेको भन्नुपर्छ उहाँको पहिलो काम प्रशासनिक भवनबाट सुरु भएको र पहिलो चुनौती पनि नगरपालिकाको प्रशासनिक भवन नै रहेको छ । अघिल्लो जनप्रतिनिधिले कब्जा गरेको कृषि ज्ञानकेन्द्रलगायत भवनमा अहिले नगरपालिकाको प्रशासनिक शाखा छ। अहिलेकै भवनबाट प्रशासनिक काम गर्ने वा अन्यत्र व्यवस्थापन गर्ने भन्ने मुख्य चुनौती नगरप्रमुखलाई भएको हो । बागलुङ नगरपालिका-४ रातमाटामा रहेको आफ्नै भवन छोडेर नगरपालिका-२ मा रहेका तत्कालीन कृषि विकास कार्यालय, महिला बालबालिका कार्यालय र भूसंरक्षण कार्यालयलगायत भवनमा नगरपालिका सरेको थियो । नगरको मुख्य प्रशासन भने तत्कालीन कृषि विकास कार्यालयबाटै सञ्चालन भइरहेको छ । यो भवनमा दुई वर्षअघि कृषि ज्ञान केन्द्र स्थापना भएपछि पटक-पटक विवाद सिर्जना भएको थियो । सर्वसाधारणलाई असुविधा भयो भनेर नगरपालिकालाई सारिएको कृषिको भवनबाट कार्यालय सञ्चालन गर्दा किसान मर्कामा परेको गुनासो बढेको छ । 'नयाँ जनप्रतिनिधि आएपछि उहाँहरुले हाम्रो भवन छोडिदिनुहुन्छ भन्ने लागेको छ, प्रदेशबाट मन्त्रालयले पनि सोही हिसाबले पहल थालेको छ' कृषिज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले भन्नुभयो,"साविक कृषि विकास कार्यालय रहेको भवन र जग्गा स्वत ज्ञान केन्द्रको हुन्छ, हामीलाई भवन आवश्यक छ, नगरपालिकाले त अन्यत्र पनि व्यवस्थापन गर्न सक्छ ।"

गण्डकी प्रदेश मुख्यमन्त्रीको कार्यालयले पटक-पटक आग्रह गरे पनि एक वर्ष पहिलेसम्म कृषिका सबै भवनमा विषयगत शाखा राखेको नगरपालिकाले पछिल्लो पटक राजस्व, स्वास्थ्यलगायत शाखा अन्यत्र व्यवस्थापन गरेर एउटा भवन खाली गरेको थियो । "तत्काल नयाँ भवन बनाउने विषयमा सोचेका छैनौँ, सबै पक्ष र दलहरुसँग सल्लाह गरेर उपयुक्त व्यवस्थापन हुन्छ" नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "अहिले नै यहाँ जान्छौँ भनेर भन्न मिल्दैन ।" कृषिको भवन नगरपालिकाले नछोडेपछि मुख्यमन्त्रीको कार्यालयले उपसचिव नेत्र पौडेलको नेतृत्वमा समस्या समाधानका लागि एक कार्यदल बनाएको छ। कार्यदलले विकल्प सहितको प्रतिवेदन तयार गरेको र एक दुई साताभित्रै मुख्यमन्त्रीलाई बुझाउने कार्यक्रम रहेको केन्द्रका प्रमुख भट्टराईले बताउनुभयो । नगरपालिकाले भवन नछोडेका कारण कार्यालयका विभिन्न काम गर्ने शाखा, माटो परीक्षण प्रयोगशाला, कर्मचारीका लागि आवास अभाव रहेको उहाँको भनाइ थियो। उक्त केन्द्रले अहिले साँघुरो भवनमै खुम्चेर काम गर्दै आएको छ।

नगरपालिकाको प्रशासनिक भवनका लागि कार्यदलले सदरमुकाममा रहेको जिल्ला समन्वय समितिलगायत खाली रहेका भवन नगरपालिका सार्ने सम्बन्धमा अध्ययन गर्नुपर्नेमा जोड दिइएको छ । स्थानीयस्तरमा भवनको विवाद समाधान नभएकाले प्रदेशबाट नै यो समस्या समाधान हुनुपर्ने कार्यदलका एक सदस्यले बताउनुभयो ।

# बलात्कार घटनामा हदम्याद बढाउन नेविसङ्घको माग

रासस

काठमाडौं, ८ जेठ

नेपाली काङ्ग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घले बलात्कार घटनामा हदम्याद बढाउन माग गरेको छ । नेविसङ्घले आइतबार कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा 'बन्दी'लाई भेटेर बलात्कार घटनामा हदम्यादको व्यवस्था संशोधन गर्न माग गरेको हो ।

नेविसङ्घका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले एक वर्षे हदम्यादका कारण बलात्कारबाट पीडित महिलाले न्याय पाउने अवस्थाबाट बञ्चित हुन परेको भन्दै अहिलेको व्यवस्था न्यायपूर्ण नभएकाले संशोधन गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको जानकारी दिनुभयो ।

"बलात्कार जस्ता जघन्य अपराधका घटनामा दोषीले कुनै पनि हालतमा उन्मुक्ति पाउन हुँदैन, दोषीमाथि कडा कारवाही र विभेदकारी कानुनी व्यवस्था संशोधन गर्नुपर्छ", उहाँले भन्नुभयो । नेविसङ्घले हिंसा र जघन्य अपराधका मुद्दामा अदालतमा पनि चाँडो मुद्दा फैसला हुने व्यवस्था मिलाउनसमेत माग गरेको छ।

भेटमा मन्त्री शर्माले कुनै पनि घटनाको अनुसन्धान गरेर दोषीलाई कारबाही गर्ने दायित्व राज्यको भएकाले राज्य यस्ता विषयमा संवेदनशील रहेको बताउनुभयो । यस्ता घटनाबारे आवश्यक कानून संशोधन प्रक्रिया अगाडि बढाउन सरकार सकारात्मक रहेको उहाँको भनाइ थियो।

# धरान उपमहानगरमा स्वतन्त्र उम्मेदवार हर्क राई विजयी

रासस

काठमाडौं, ८ जेठ

धरान उपमहानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार हर्कराज राई विजयी हुनुभएको छ। चार हजार ७६२ मतान्तरसहित उहाँ प्रमुखमा विजयी हुनुभएको हो ।

स्वतन्त्र उम्मेदवार राईले २० हजार ८२१ मत पाउँदा उहाँका प्रतिद्वन्द्वी गठबन्धनका तर्फबाट नेपाली काङ्ग्रेसका किशोर राईले १६ हजार ५९ मत प्राप्त गर्नुभयो । उहाँ लौरो चुनाव चिह्न लिएर चुनावी मैदानमा होमिनुभएको थियो ।

नेकपा (एमाले)का मञ्जु भण्डारी सुवेदीले १२ हजार ८२५ मत प्राप्त गर्नुभयो । प्रमुखमा विजयी राईले २०७५ सालको उपनिर्वाचनमा ४२२ मत प्राप्त गर्नुभएको थियो ।

उपप्रमुखमा गठबन्धनको तर्फबाट नेकपा (माओवादी केन्द्र)का अइन्द्र विक्रम बेघा २० हजार ५१० मतसहित निर्वाचित हुनुभएको छ । प्रतिद्वन्द्वी नेकपा (एमाले)का पदमप्रसाद लिम्बूले १७ हजार ६०६ मत प्राप्त गर्नुभयो ।

